# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना गलकोट अस्पताल, बाग्लुङ्गको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न भएको छ। गलकोट अस्पताल, बाग्लुङ्गको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रमको पहिलो लेखाजोखा कार्यक्रम हो। कार्यक्रममा अस्पतालका लागि मुख्य श्रोतब्यक्तिको रुपमा स्याङ्जा अस्पताल, स्याङ्जाका मेशु डाक्टर रुक्मिना अधिकारि, लमजुङ्ग अस्पताल, लमजुङ्गका मेशु डाक्टर बिशाल तिवारी, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका कार्यक्रम संयोजक श्री नबराज शर्मा र श्री उर्मिला बरालको उपस्थिति रहेको थियो। गलकोट अस्पताल, बाग्लुङ्गको पहिलो लेखाजोखामा ६१% अंक प्राप्त भएको छ। प्रस्तुतिकरण तथा समिक्षा कार्यक्रमको अध्यक्षता गलकोट नगरपालिका अध्यक्ष तथा गलकोट अस्पताल ब्यबस्थापन समितिका अध्यक्षले गर्नुभएको थियो।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजना र One Heart World Wide Nepal को प्राविधिक सहयोगमा ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमको समिक्षा सम्पन्न भएको छ ।



# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




फलेवास नगरपालिका, पर्वत वडा नं ९, भंगरा स्थित भंगरा स्वास्थ्य चौकी पर्वत अन्तर्गतको चियावारी र मालारानी शितल बस्ती स्वास्थ्य आमा समुहको मासिक बैठकमा डेङ्गु रोग नियन्त्रण, सुत्केरीको लागि जन्मपूर्व तयारी योजना, विपदको समयमा खानेपानी र सरसफाइ इत्यादि बिषयमा छलफल सम्पन्न भएको छ।



बडिगाड गाउँपालिका, बाग्लुंग, स्वास्थ्य शाखाको आयोजना तथा बिवाईसी बागलुङ र फेयरमेड फाउन्डेसन नेपालद्वारा संचालित ग्रामीण स्वास्थ्य सुधार परियोजनाको प्राबिधिक सहयोगमा आधारभूत स्वास्थ्य सेवा सेवा केन्द्र खालमा स्थानीय स्वास्थ्य संस्था सन्चालन तथा ब्यबस्थापन समितिको क्षमता अविबृद्दी सम्बन्धि ३ दिने तालीम आज सम्पन्न भएको छ। उक्त कार्यक्रममा स्वास्थ्य संस्थाको स्थलगत अबलोकन गरि देखिएको समस्याहरुलाई प्राथमिकिकरण गरि समितिबाट तत्काल श्रोतको खोजी गरि समस्याको समाधान गर्ने निर्णयसहित तालिम सम्पन्न भएको छ। उक्त तालिममा सहजीकरणको लागी बडिगाड स्वास्थ्य शाखाबाट स्वास्थ्य शाखा प्रमुख बिपेन्द्र के.सी. र जनस्वास्थ्य निरिक्षक हेम पुनद्वारा सहजीकरण भएको थियो।



स्वास्थ्य तालिम केन्द्र, पोखराको आयोजनामा लमजुङ अस्पतालमा अ. हे. व./सि.अ.हे.व. तथा हे.अ.हरुको लागि Mid-Level Practicum तालिमको शुभारम्भ भएको छ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार




स्वास्थ्य कार्यालय, बागलुङको आयोजना र ढोरपाटन नगरपालिकाको समन्वयमा ढोरपाटन-७, बोवाङ स्वास्थ्य चौकिमा प्रसुति कर्मिहरुलाइ मातृ तथा नव शिशु स्वास्थ्य (MNH) onsite coaching तथा गुणस्तर सुधार कार्यक्रम र किटजन्य रोगहरुको स्थलगत अनुशिक्षण समपन्न भएको छ। स्वास्थ्य चौकिमा कार्यरत प्रसुतिकर्मिहरुलाइ मातृ तथा नबजात शिशु स्वास्थ्यसंग सम्बन्धित बिषयमा knowledge assessment, decision making skill(partograph) assessment, normal delivery conduction, PPH, shock and eclampsia management infections prevention, newborn resuscitation आदि बिषयमा स्थलगत कोचिङ/ मेन्टरिङ गरिएको हो। सस्थाको Enabling Environment Assessment गरि प्राप्त स्कोर को आधारमा सस्थाको समस्या सम्बोधन हुने गरि कार्ययोजना बनाइ छलफल गरियो , कार्ययोजना समयमा समपन्न गर्न जिम्मेवारी तोकियो र कम्तिमा ६/६ महिनामा सस्थाको स्वमुल्याङ्कन गर्ने निर्णय गरियो। MNH MENTOR अस्पताल नर्शिङ्ग निरिक्षक पार्वति अर्याल र प.हे.न. निरिक्षक सीमा कुवर र सि.म.इ. कमला थापाले सहजिकरण गरेको कार्यक्रममा बोवाङ स्वास्थ्य चौकि ब्यबस्थापन समितिका अध्यक्ष तथा ढो न पा- ७, बोवाङका वडाध्यक्ष धन ब अदै लगायत स्वास्थ्य ब्यबस्थापन समितिका अन्य पदाधिकारीहरु, स्वास्थ्य संस्था प्रमुख ज.स्वा.नि. दिपक थापा लगायतका स्वास्थ्यकर्मी हरुको उपस्थिति रहेको थियो। वार्डको मातृ तथा नवाशिशु र समग्र स्वास्थ्य अवस्था सुधार गर्न स्वास्थ्य चौकीबाट सिफारिस गरिएका क्रियाकलापहरुमा सहयोग गर्ने कुरा अध्यक्ष अदैले बताउनु भयो। त्यसैगरी संस्था प्रमुखले कार्ययोजना समयमा समपन्न गर्न आवस्यक प्रयास र समन्वय गर्ने प्रतिबद्दता जनाउनु भएको थियो।



डाटा भेरिफिकेसन @ भाटखोला स्वास्थ्य चौकी, स्याङ्गजा

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**




**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




सामाजिक विकास कार्यालय पर्वत, जिल्ला प्रशासन कार्यालय पर्वत तथा जिल्ला प्रहरी कार्यालय पर्वतको सहकार्यमा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद आचार्यको नेतृत्वमा नयाँ रणभिम गुल्म पर्वत, स.प्र.वल गण नं. २५ पर्वत, जिल्ला प्रहरी कार्यालय पर्वत, सामाजिक विकास कार्यालय, कुश्मा नगरपालिका, पत्रकार, वडा प्रतिनिधी, सामुदायिक सेवा केन्द्र कुश्मा, जिल्ला स्थित विभिन्न सरोकारवाला निकायहरु, सरकारी तथा निजी विद्यालयका विद्यार्थी, शिक्षक, शिक्षिकाहरु, विभिन्न आमा समुह, क्लवहरु र विभिन्न संघ-संस्थामा आवद्ध व्यक्तिहरुको उपस्थितिमा "लैङगिक हिंसा विरुद्वको १६ दिने अभियान" कार्यक्रममा लैङगिक हिंसा अन्त्यको सुनिश्चतताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्वता नारा सहितको प्रतिबद्वतामा हस्ताक्षर गरी जिल्ला पर्वत कुश्मा न.पा. ५ स्थित जिल्ला प्रशासन कार्यालयको प्राङगणमा प्रमुख अतिथि प्र.जि.अ. प्रेम प्र. आचार्यले कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो।



PNC @ जलजला सामुदायिक स्वास्थ्य इकाई, बाग्लुङ्ग

Please Visit: - https://hd.gandaki.gov.np/




**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार




मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशबाट सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालयमा सरूवा भई आउनुभएका उपसचिव चण्डिका पौडेलको स्वागत तथा सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालयबाट कुश्मा नगरपालिका, पर्वत सरूवा भई जान लाग्नु भएका उपसचिव उदय बहादुर पराजुली, सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालयबाट जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, तनहुँ सरूवा भई जानुभएका आयुर्वेद चिकित्सक डाक्टर नारायण श्रेष्ठ र सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालयबाट स्वास्थ्य तालिम केन्द्र, पोखरा सरूवा भई जानुभएका वरिष्ठ स्वास्थ्य अधिकृत प्रशान्त राज शर्माको बिदाइ/फेरी भेटौंला कार्यक्रम सम्पन्न भएको छ। उक्त अवसरमा बोल्दै मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्माले मन्त्रालयमा सरूवा भई आउनुभएका र मन्त्रालयबाट रमाना भई अन्य कार्यालय जानुभएका कर्मचारीहरूको उत्तरोत्तर प्रगति र सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो।

**"सबै क्षेत्र जुटौं, प्रतिजैविक प्रतिरोध रोकथाम गरौं"**



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा प्रजनन स्वास्थ्य, मातृ तथा नवजात शिशु, बाल तथा किशोरकिशोरी स्वास्थ्य (RMNCAH) सेवाको Web Based Tracking system सम्बन्धि अभिमुखीकरण कार्यक्रम समपन्न भएको छ। बागलुङ जिल्लाका १० स्थानीय तहका स्वास्थ्य शाखाका MNH फोकल पर्सन/तथ्याङ्क फोकल पर्सनको सहभागितामा संचालित कार्यक्रमको उदघाटन सत्र स्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रविण शर्माको अध्यक्षता, पब्लिक हेल्थ नर्सिङ निरीक्षक सीमा कुँवरको स्वागत र क्षयकुस्ठ निरीक्षक देब प्रकाश घिमिरेको संचालनमा समपन्न भएको थियो। अभिमुखीकरण कार्यक्रमको मुख्य सहजीकरण स्वास्थ्य निर्देशनालयका तथ्यांक अधिकृत प्रविण भण्डारीले गर्नु भएको थियो। स्थानीय तहहरुले आ-आफ्नो मातहतका संस्थाहरुको RMNCAH service site र service provider को अभिलेख मंसिर मसान्त सम्म प्रबिस्ट र अध्याबधिक गर्ने प्रतिबद्दता ब्यक्त गर्नु भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार


## एचआइभी सङ्क्रमित महिलाले जन्माइन् शल्यक्रियामार्फत शिशु



बागलुङको धौलागिरि अस्पतालमा पहिलो पटक एचआइभी सङ्क्रमितले शल्यक्रियामार्फत शिशुलाई जन्मदिएकी छिन्। आइतबार २४ वर्षीय महिलाले शल्यक्रियामार्फत शिशुलाई जन्म दिएको धौलागिरि अस्पतालले जनाएको छ। शिशुको तौल तीन हजार पाँच सय २५ ग्राम रहेको अस्पतालको भनाइ छ। शिशुका आमा बुबा दुवै एचआइभी सङ्क्रमित भई एआरटी औषधि सेवन गरिरहेका छन्। यसअघि बागलुङका एचआइभी सङ्क्रमित गर्भवतीलाई पोखराको गण्डकी अस्पताल अथवा टेकु अस्पताल पठाउने गरिएको थियो। एआरटी सेन्टरका प्रमुख प्रदीप आचार्यले अस्पतालमा एचआइभी सङ्क्रमितको उपचार र परामर्श दिँदै आएको बताए। स्वास्थ्य परीक्षणका क्रममा गर्भमा रहेको शिशुको धड्कन बढी भएपछि शल्यक्रिया गरिएको धौलागिरि अस्पतालका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डाक्टर विजय ओझाले जानकारी दिनुभएको छ। शल्यक्रिया मार्फत जन्मिएको शिशुको स्वास्थ्य सामान्य रहेको र एचआइभी सङ्क्रमण नहोस् भनेर तुरुन्तै औषधि समेत चलाउन थालिएको ओझाको भनाइ छ। 'सङ्क्रमित महिलाले नियमित एचआइभी सङ्क्रमितको औषधि खाँदै आउनुभएको थियो, औषधि सेवनले सङ्क्रमितको 'भाइरल लोड कम हुन्छ, ओझाले भन्नुभयो, 'सङ्क्रमित महिलाले बच्चा जन्माउने प्रक्रिया त फरक भएन, तर चिकित्सक तथा स्वास्थ्यकर्मी केही सजग रहनुपर्ने हुन्छ। सङ्क्रमित आमाबाट समेत स्वस्थ बच्चा जन्मिने भएकाले एचआइभी सर्ने सम्भावना अत्यन्तै न्यून रहेपनि उपचार र हेरचाह भने गर्न आवश्यक हुन्छ। जिल्लामा अझै दुई जना एचआइभी सङ्क्रमित गर्भवती रहेको एआरटी सेन्टरका प्रमुख आचार्यले बताउनु भयो। विशेषज्ञ सेवाबाट विशिष्टिकृत सेवा प्रदान गर्न थालेको धौलागिरि अस्पतालमा पछिल्लो समय ठूला उपकरण र प्रविधिसमेत भित्र्याउँदै आएको छ। धौलागिरि अस्पतालमा हालै मात्र सिटिस्क्यान उपकरण भित्र्याएर सेवा दिन थालिएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार


## के तपाईंलाई आफ्नो जीवन अर्थहिन भएको जस्तो लागेको छ?

यस्तो सोच आउनुमा तपाईंको कुनै दोष छैन। तपाईंले विश्वास गर्ने व्यक्तिहरुसँग आफ्ना भावना र विचारका बारेमा कुरा गर्नुहोस्। स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस वा मनोपरामर्शदाताको सहयोग लिनुहोस्। यदि आफैलाई हानी पुऱ्याउन सक्ने सोच वा अवस्थामा हुनुहुन्छ भने स्वास्थ्य संस्था वा २४सै घण्टा निःशुल्क उपलब्ध हेल्पलाइन नम्बर ११६६मा सम्पर्क गर्नुहोस्। तपाईं एक्लो हुनुहुन्न। तपाईंलाई सहयोग उपलब्ध छ।

## "सबै क्षेत्र जुटौं, प्रतिजैविक प्रतिरोध रोकथाम गरौं"

साबधानी अपनाऔं !!!







**चिसोको समयमा आगो, हिटर जस्ता सामाग्रीको प्रयोग गर्दै गर्दा दुर्घटना पनि हुनसक्छ।**
**त्यसैले सावधानी अपनाउ है।**

- चिसो बढेको छ। शरीर ढाक्ने तथा न्यानो लुगा लगाऔं वा कम्बल, सिरकजस्ता न्यानो बनाउने ओढ्नेहरु ओढौं। कोठालाई न्यानो बनाऔं। मनतातो हुने झोलीलो खानेकुराहरु खाऔं।
- चिसोको समयमा आगो वा हिटर ताप्रै परेमा नजिक नबस्ने, खुकुलो लुगा नलगाउने, बालबालिका बोकेर आगो नताप्ने, आगोमा मट्टितेलजस्ता प्रज्वलनशील पदार्थ नखन्याउनुहोस्।
- फोहोर, प्लाष्टिक कागज नबालौं। यसले वातावरण प्रदुषण गराई मानव स्वास्थ्यमा पनि गम्भिर असर गर्दछ।
- आगो, हिटर र विजुलीका सामाग्रीबाट बालबालिकालाई टाढै राखौं।
- खाना बनाउँदा बालबालिका नबोक्ने, कपाल र कपडा सपक्क बाँध्ने, छिटो आगोले टिप्ने पोलिष्टर तथा टेरिकटनको कपडा नलगाउनुहोस्।
- हावाआवात नहुने कोठामा आगो वा हिटर बाल्दा, गिजर चलाउँदा निसास्सिएर ज्यानै जान सक्ने भएकोले हावा ओहोरदोहोर हुने सुनिश्चित गरेर मात्रै यस्ता सामाग्रीको प्रयोग गर्नुहोस्।
- ग्यासँबाट चल्ने हिटर, खाना पकाउने चुल्हो लगायतका सामाग्रीको प्रयोगमा पनि विशेष सावधानी अपनाऔं। ग्याँस चुल्हो, पाइप र सिलिण्डरको नियमित जाँच र नियमित काम सकिएपछि रेगुलेटर बन्द गर्ने गर्नुहोस।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या देखिएमा तत्कालै नजिकैको स्वास्थ्य संस्थामा जाऔं।

Nepal Red Cross Society

### योग किन गर्ने :

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।



प्रहरी चौकी, देउपुर डिमुवा, पर्वतको आयोजनामा मोदी गाउँपालिका-६ स्थित पातिचौरमा पोखरा बाग्लुङ बेनी सडक खण्डमा चल्ने सवारी साधनका यात्रुहरुलाई लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा लघुसचेतना मुलक कार्यक्रम अन्तर्गत घरेलु हिंसा सम्बन्धी सुचनामुलक कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार





**स्तन क्यान्सर सम्बन्धी जानकारी** 📣📣📣

स्तनमा भएका कोषहरूको अनियन्त्रित र असामान्य रूपमा वृद्धि हुनुलाई स्तन क्यान्सर भनिन्छ। स्तन क्यान्सर स्तनको कुनै पनि भागमा सुरु हुन सक्छ। प्रायः स्तन क्यान्सर दूध उत्पादन हुने ग्रन्थि (लोब्यूल्स) वा (डकट) अथवा दूध वाहन नलीबाट सुरु हुने गर्दछ । स्तन क्यान्सर रक्त नलीहरू तथा लिम्फ नलीहरू हुँदै शरीरको अन्य भागहरूमा फैलिन सक्दछ।

**स्तन क्यानसरका लक्षणहरु**

- स्तन वा काखी मुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु
- स्तनको छालामा निको नहुने घाउ आउनु
- स्तनको आकारमा परिवर्तन आउनु
- स्तनको छाला सुन्तलाको बोक्रा जस्तो हुनु
- स्तनको मुन्टा भित्र तर्फ जानु
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु
- स्तन दुख्नु वा सुन्निनु

यी मध्ये कुनै पनि लक्षण देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको मा जाँच र परामर्शको लागि सम्पर्क गर्नुपर्छ ।

**स्तन क्यानसरको जोखिमबाट बच्ने उपायहरु**

- धुम्रपान तथा मद्यपान नगर्ने, स्तनको नियमित जाँच वा परिक्षण गर्ने, स्तनपान गराउने, नियमित व्यायाम गर्ने, तौललाई सन्तुलनमा राख्ने, पोषणयुक्त खानेकुरा खाने




यो फ्लू सिजन हो, लक्षणहरू जान्नुहोस्, उपचार गर्नुहोस्, मास्क लगाउनु (यद्यपि हामी सामान्यतया गर्दैनौं) र हात धुनु अझै पनि उत्तम रोकथाम हो।

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

## आत्महत्या सम्बन्धि जानकारी !!!

https://hd.gandaki.gov.np/list/news/aatamahataya-samabnathha-janakara

## हर्टअट्याक हुने ८ कारण र जोगिने १५ तरिका

https://hd.gandaki.gov.np/list/news/harataatayaka-hana-karanae-ra-jagana-taraka

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



स्वास्थ्य सेवा विभाग, ब्यवस्थापन महाशाखा र स्वास्थ्य कार्यालय पर्वत बीच "स्वास्थ्य संस्थाहरूको भौतिक विवरण अद्यावधिक" बिषयमा स्वास्थ्य कार्यलय प्रमुख एक नारायण लम्सालको अध्यक्षतामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ बाट संचालित बडीगाड गा.पा-२ को साविक वडा न.६ सिमलचौर, नेटामा गाउँघर किल्निक सञ्चालन गरि बच्चाहरुको तौल अनुगमन, गर्भवति जाँच, परिवार नियोजन साधन, प्राथमिक उपचार कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा गर्भवती महिला, सुत्करी महिला, सुनौला हजार दिनका आमा हरुलाई सहभागी गराई मातृ तथा बाल पोषण, खाद्य विविधीकरण , गर्भावस्थामा र सुत्केरी अवस्थामा पोषणको महत्वका विषयमा सामुदाईक महिला स्यमसेबिका, सामाजिक परिचालिक र स्वास्थ्यकर्मिको नेतृत्वमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको छ, साथै चालू आ.व.को बार्षिक कार्ययोजना अनुसार विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम अन्तर्गत पहिलो चरणमा विद्यार्थी र शिक्षक/शिक्षिका साथै अन्य कर्मचारीहरुलाई जुका विरुद्धको औषधि समेत खुवाउने कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार





स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा क्षयरोग, कुष्ठरोग कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा गोष्ठी कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा पालिकाका शाखा प्रमुख, कार्यक्रम फोकल पर्सन लगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा eTB अभिलेख तथा प्रतिवेदन सम्बन्धि अभिमुखिकरण समेत गरिएको थियो।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना, ताराखोला गाउँपालिकाको समन्वय तथा स्वास्थ्य निर्देशनालय पोखराको सहजीकरणमा ताराखोला गाउँपालिकामा पारिवारिक स्वास्थ्य प्रोफाइल सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता गाँउ पालिका अध्यक्ष धनबहादुर विकले गर्नुभएको थियो भने स्वागत मन्तव्य सिअहेव प्रकाश शर्माले राख्नुभएको थियो। स्वास्थ्य निर्देशनालय पोखराका तथ्यांक अधिकृत प्रविण भण्डारी तथा स्वास्थ्य कार्यालयका घनश्याम सापकोटाले सहजीकरण गरेको कार्यक्रममा पालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरन्जीवी घिमिरेले आफ्नो मन्तव्य राख्नुभएको थियो।






पातलेखेत स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा वार्षिक कार्ययोजना अनुसार मासिक १ पटक बिधालय स्वास्थ्य शिक्षा कार्यक्रम तथा जूकाको औषधि खुवाउने कार्यक्रम संचालन भएको छ । सोहि अबसरमा किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि जानकारीमुलक अन्तरक्रियात्मक एवंम बिधालय स्वास्थ्य शिक्षा कार्यक्रम कार्यक्रम श्रीं दीपक मा.बि. मा सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार




पेल्काचौर स्वास्थ्य चौकी, म्याग्दी



जिल्ला अस्पताल, मनाङ्गमा सेवा करारमा नियुक्त हुनु भएका सम्पूर्ण स्वास्थ्यकर्मीहरु (मे.अ, हे.अ, स्टाफ नर्स, रेडियोग्राफर र फार्मेसी सहायक) लाई स्वागत गरिएको छ।

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



प्रहरी चौकी, फलेवास, पर्वतको आयोजनामा फलेवास नगरपालिका-४ स्थित सिर्सुवामा समाजसेवी राजेन्द्र सापकोटाको अध्यक्षतामा स्थानिय समाजसेवी, आमा समुह र विभिन्न संघ संस्थामा आबद्ध व्यक्तिहरुको उपस्थितिमा लैङगिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा लघुसचेतनामुलक कार्यक्रम अन्तर्गत मानव बेचबिखन सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ।



बेनी नगरपालिका, म्याग्दीको आयोजना तथा बेनी अस्पतालको सहजीकरणमा पुलाचौर स्वास्थ्य चौकीमा महिलाहरूको पाठेघरको मुखको कयान्सर जाँच एक दिने VIA शिबिर सफलता पुर्वक सम्पन्न भएको छ।



जसमा १०६ जना महिला सेवाग्राहीले सेवा लिनु भएको छ। १०६ जना सेवा ग्राही महिलाको नै VIA Report Negative आएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**




स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप ढुवानीकर्ताहरुको पहिलो समुहको एक दिने अभिमुखिकरण गोष्ठी सम्पन्न भएको छ। खोप तथा खोप जन्य सामाग्री ढुवानी र कोल्डचेन भण्डारण तथा यसको उचित व्यवस्थापन प्रक्रिया र महत्व बारेमा जानकारी गराई खोप सेवालाई सुरक्षित, गुणस्तरीय र प्रभावकारी बनाउने उदेश्य अनुरुप उक्त गोष्ठी संचालन भएको थियो।



स्वास्थ्य कार्यालय बागलुङका प्रशासन प्रमुख सफल शर्माको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको संचालन स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माले गर्नुभएको थियो। स्वास्थ्य कार्यालय, बागलुङका खोप सुपरभाइजर राजु खत्रीले सहजिकरण गर्नुभएको उक्त गोष्ठीमा बागलुङ नगरपालिका, जैमिनी नगरपालिका, काठेखोला र वरेङ. गाउँपालिकाका ३८ जना खोप ढुवानीकर्ताहरुको सहभागीता रहेको थियो।




**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


## सफलताको कथा



प्रसव पछी भएको अत्यधिक रक्तस्राव रोक्न डाक्टर गोमाको नेतृत्वमा अस्पतालबाट गरियो पाठेघर निकाल्ने सफल शल्यक्रिया (Hysterectomy) - सुत्केरी महिलाले नयाँ जीवन पाएकी छन्। सुन्दरबजार -८ लम्जुङ निबासी २२ बर्सिया एकजना सुत्केरी महिलाले दोस्रो सन्तानको रुपमा २ किलो ३०० ग्रामको छोरालाई नर्मल बिधिले जन्म दिइन। तर बच्चाको जन्म भइ साल निकालेपछि उहाँको अत्त्याधिक रक्तस्राव हुन थाल्यो। जसको रोकथामका लागि लमजुङ अस्पतालकि प्रसुती तथा महिला रोग विशेषज्ञ डाक्टर गोमा रिमालले औषधी दिई रक्तस्राव रोक्ने कोसिस गर्नुभयो तर पनि रक्तस्राव नरोकिए पछि पाठेघरमा ब्यालून फुलाइ राखेर (Balloon Tamponade) रोक्ने प्रयास गर्नुभयो। सम्पुर्ण उपायले रक्तस्राव रोक्न नसकेपछी र लगतार रक्तस्रावको कारण ठुलो अस्पतालमा प्रेषण/रेफर गर्न मिल्ने अवस्था पनि नभएको हुँदा डाक्टर गोमाले सुत्केरी महिलाको श्रीमानलाई श्रीमतीको ज्यान बचाउन पाठेघर निकाल्नु पर्ने सल्लाह दिनु भयो। रेफर भएर त्यस्तो रक्तस्राव भएको श्रीमतीलाई ३-४ घन्टा लगाएर ठुलो अस्पताल लैजादा श्रीमतीको बाटोमा नै मृत्यु हुन सक्ने डर थियो। त्यसैले श्रीमानले आफ्नो श्रीमतीको पाठेघर निकाल्ने मन्जुरी दिनुभयो । त्यसपछी यस अस्पतालकि प्रसुती तथा महिला रोग विशेषज्ञ डाक्टर गोमा रिमालले सुत्केरी महिलाको पाठेघर निकाली रक्तस्राव रोकेर सुत्केरी महिलालाई नयाँ जीवन दिन सफल हुनु भएको छ।

डाक्टर गोमा लगायत यस शल्यक्रियालाई सफल पार्न उपस्थित एनेस्थेसियोलोजिस्ट डाक्टर शिशिर खड्का, रामकृष्ण खत्री, शोभा श्रेष्ठ, रेशम गुरुङ, सृजना तामाङ लगायतको सम्पुर्ण टिमलाई सुत्केरी महिला र उहाँको परिवारले आफ्नोलाई भगवान बनिदिनु भएकोमा हार्दिक धन्यवाद प्रकट गर्दै, यसै गरी राम्रो काम गर्दै जान शुभकामना दिँदै आफ्नो छोरा लिएर श्रीमानको साथमा घर फर्कनुभएको छ। यसरी बिरामीलाई राम्रो बनाएर घर पठाउन सफल हुनुभएकोमा सम्पुर्ण टिमलाई धन्यवाद र शुभकामना दिदै यस अस्पतालका प्रमुख डाक्टर विशाल तिवारीले अब छिट्टै नै ICU पनि संचालनमा ल्याउने कुराको जानकारी दिनु भएको छ। यसका साथै डाक्टर गोमाबाट महिलाहरुको डिम्बको टियुमरको शल्यक्रिया, आङ खसेको महिलाको पाठेघर निकाल्ने शल्यक्रियाको साथै पाठेघर सम्बन्धी अन्य समस्याहरुको उपचार लमजुङ अस्पतालमा भइरहेको कुरा जानकारी गराइन्छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल




वृद्धि अनुगमन कार्यक्रम @ पाङराङ स्वास्थ्य चौकी, पर्वत



नवलपरासी पूर्वका प्रमुख जिल्ला अधिकारीले मध्यबिन्दु जिल्ला अस्पतालको अनुगमन गर्नुभएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

## आयुर्वेद चिकित्सालय नरदेवीलाई नास्ट कुलपति राष्ट्रिय नवप्रवर्तन पुरस्कार



नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले आयुर्वेद चिकित्सालय, नरदेवीलाई नास्ट कुलपति राष्ट्रिय नवप्रवर्तन पुरस्कार प्रदान गर्ने भएको छ। नरदेवी चिकित्सालयले तीन वर्षको अवधिमा गरेको कामको सम्मान गर्दै नास्टले २ लाख रुपैयाँ राशी सहितको पुरस्कार प्रदान गर्न लागेको हो। नास्टद्वारा जारी सूचना अनुसार १०६ वर्षदेखि आयुर्वेद चिकित्सा सेवा र ३ वर्षयता एकीकृत सेवाका साथै कोभिड-१९ मा बहुविधि उपचार सेवा र परम्परागत चिकित्सा विज्ञानमा अनुसन्धान प्रयास गरे वापत नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) २०७९ सालको कुलपति राष्ट्रिय नवप्रवर्तन पुरस्कारका लागि सिफारिस गरिएको हो।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार




प्रहरी चौकी, लेखफांट, पर्वतको आयोजनामा जलजला गाउँपालिका-५ स्थित रातमाटामा महिला सदस्य बिष्णु बोहोराको अध्यक्षतामा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा लघुसचेतनामुलक कार्यक्रम अन्तर्गत बालबालिका माथि हुने हिंसा सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको छ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र, खाल, बाग्लुंगको आयोजनामा बडिगाड गाँउपालिका वडा न ६ शिद्ध प्रा.वि. नयागाँउमा जुकाको औषधी (Albendazole) खुवाउने कार्यक्रम संचालन भएको छ।

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुंगको आयोजनामा श्री त्रिभुवन नमुना माध्यमिक बिधालय बडिगाड -२ खर्बाङमा जुकाको( Albendazole ) औषधी खुवाउने कार्यक्रम सन्चालन भएको छ।




"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार



स्वास्थ्य कार्यालय, कास्कीको आयोजनामा किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य (ASRH) सम्बन्धि अभिमुखीकरण तथा समीक्षा कार्यक्रम संचालन भएको छ।



कुन्छा स्वास्थ्य चौकी, लमजुङ्गको आयोजनामा जुकाको औषधी (Albendazole) खुवाउने कार्यक्रम संचालन भएको छ।

बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ।



तारङ्गा सामुदायिक स्वास्थ्य इकाई, बाग्लुङ्गको आयोजनामा जुकाको औषधी (Albendazole) खुवाउने कार्यक्रम संचालन भएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार




सामुदायिक प्रहरी सेवा केन्द्र, कुश्मा, पर्वतको आयोजनामा कुश्मा नगरपालिका-६ स्थित शिवालयचोकमा स्थानिय ट्याक्सी व्यवसायीहरु र सामुदायिक सेवा केन्द्रका पदाधिकारीहरुको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा लघुसचेतनामुलक कार्यक्रम अन्तरगत घरेलु हिंसा सम्बन्धी सचेतना कार्यक्रम संचालन भएको छ।



गलकोट नगरपालिका, बाग्लुंग, स्वास्थ्य शाखाको आयोजनामा नियमित ग्रामिण भिडियो एक्सरे कार्यक्रम अन्तर्गत दुदिलाभाटी स्वास्थ्य चौकीमा सेवा प्रदान गरिएको छ।



गण्डकी प्रदेश सरकारबाट जारी भएको "खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५" को दफा १५ को उपदफा (२) बमोजिम गठित प्रदेश खोप समितिका संयोजक तथा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डा. विनोद विन्दु शर्माज्यूको अध्यक्षतामा प्रदेश खोप समन्वय समितिको बैठक बसी महत्वपूर्ण निर्णय भएको छ। उक्त समितिबाट गण्डकी प्रदेशमा निमोनिया विरुद्धको PCV-13 खोप लाई प्रयोगमा ल्याउने र हाललाई उक्त खोप सेवा संस्थागत रुपमा गण्डकी प्रदेशका संघिय र प्रादेशिक अस्पतालहरुबाट प्रदान गर्ने निर्णय भएको छ।




**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार




मिति २०८० मंसिर १३ गते रघुगंगा गाउँपालिकाको वडा नम्बर ४, दग्नाम निवासी वर्ष ३७ की गर्भवती (अन्दाजी ३० हप्ताको गर्भ) महिला किमाया गर्बुजा पुनलाई अकस्मात बिहान देखि अधिक रक्तश्राब भई निजको स्वास्थ्य अवस्था जोखिममा परेको हुनाले निजको थप उपचारको लागि दग्नाम मैदान (दग्नाम स्वास्थ्य चौकी नजिकै) देखि पोखरा स्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश मार्फत हेलिकप्टरबाट तत्काल उद्वार गरी थप उपचार गरिएको छ। पाठेघरमा बच्चा अगाडि साल (Placenta) आई अड्किएको साथै Pre-matured Delivery Case का कारण पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा निजको आकस्मिक शल्यकृया मार्फत सुत्केरी गराइएको छ। निज आमाबाट दुई किलोग्रामको बच्चा जन्मेको छ, हाल बच्चाको एन. आइ. सि. यु. मा राखी उपचार भैरहेको र आमाको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पताल स्रोतले जानकारी गराएको छ । तस्विर स्रोतः बिनिता गर्बुजा, अ.न.मि., दग्नाम स्वास्थ्य चौकी, रघुगङ्गा, म्याग्दी



बडिगाड गाउँपालिका, बाग्लुंग स्वास्थ्य शाखाको आयोजना तथा बिवाईसी बागलुङ र फेयरमेड फाउन्डेसन नेपालद्वारा संचालित ग्रामीण स्वास्थ्य सुधार परियोजनाको प्राबिधिक सहयोगमा जलजला स्वास्थ्य चौकीमा मातृशिशु स्वास्थ्य सम्बन्धि ३ दिने तालीम स्वास्थ्य चौकी सन्चालन तथा ब्यब्स्थापन समितिका अध्यक्ष मिलन रेश्मीको अधक्ष्यतामा सम्पन्न भएको छ। उक्त कार्यक्रममा स्वास्थ्य संस्थाको स्थलगत अबलोकन गरि तालिम सम्पन्न भएको छ।



सामुदायिक सेवा केन्द्र अम्बोटको आयोजनामा मोदी गाउँपालिका-५ अम्बोट, दुर्लुङ चोकमा स्थानिय नागरिकहरुलाई लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत घरेलु हिंसा सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार





लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको शुरुवात महिला विरुद्धको हिंसा अन्त्यका लागि सन् १९९१ मा सेन्टरफोर ओमन्स ग्लोवल लिडरसीपको सहयोगमा विभिन्न २३ देशका उत्साहित महिला अधिकारकर्मी समुहले गरेको थियो। त्यसपछि हरेक २५ नोभेम्बर देखि १० डिसेम्बर सम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विश्वव्यापी रुपमा मनाउँदै आएको पाईन्छ। हाल १६ दिने अभियानलाई विश्वभर मनाउन थालेको ३१ वर्ष भइसकेको छ। महिला माथि हुने हिंसा मानव अधिकार हननको सवाल हो भन्ने मान्यता स्थापित गर्दै सोहीअनुरुप काम गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्र संघलगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायलाई आह्वान गर्ने यो अभियानको उद्देश्य हो। यो अभियान अन्तर्गत २५ नोभेम्बर देखि १० डिसेम्बर सम्म समुदाय स्तरदेखि स्थानीय, प्रदेश तथा संघीय स्तरसम्म विभिन्न गतिविधि र कार्यक्रम गरिन्छ।@ स्याङ्जा अस्पताल, स्याङ्जा



जिल्ला प्रहरी कार्यालय, पर्वत तथा सामुदायिक प्रहरी सेवा केन्द्र, कुश्मा, पर्वतको आयोजनामा कुश्मा नगरपालिका-२ खुर्कोटमा सोही वडाका वडा अध्यक्ष लाल कृष्ण बास्तोलाको अध्यक्षतामा वडा प्रतिनिधी, खुर्कोट स्वास्थ्य चौकी, कालिका मा.वि, हिमालय मा.वि. र श्री ग्लोबल चिल्ड्रेन का प्र.अ.,शिक्षक, शिक्षिका विद्यार्थीहरु र स्थानिय नागरिकहरुको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन भएको छ। सो अन्तरगत घरेलु हिंसा, महिला हिंसा, बालबिबाह र मानव बेचबिखन अन्तरक्रिया कार्यक्रम सम्बन्धी प्र.ना.नि. पुर्णिमा थापाले कार्यक्रमको सहजिकरण गर्नुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




प्रहरी चौकी, फलेवास, पर्वतको आयोजनामा फलेवास नगरपालिका-६ स्थित राहालेमा टोल सुधार सह-संयोजक सरिता बि.क.को अध्यक्षतामा स्थानिय समाजसेवी, आमा समुह, टोल सुधार समिति र विभिन्न संघ संस्थामा आवद्ध व्यक्तिहरुको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा लघुसचेतनामुलक कार्यक्रम अन्तर्गत घरेलु हिंसा सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो।



प्रहरी चौकी, वहाकीठाँटी पर्वतको आयोजनामा बिहादी गाउँपालिका-४ बनपाले स्थित श्री लक्ष्मी भवन माध्यमिक विद्यालयमा प्र.अ.भक्ति गुरुङको अध्यक्षतामा स्थानिय जनप्रतिनिधी, समाजसेवी, शिक्षक र विद्यार्थीहरुको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तरगत बालबिबाह सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।

## एसोसिएसन अफ ब्रिटिस एल्मुनी इन नेपालद्वारा चार जना वरिष्ठ चिकित्सकलाई सम्मान



नेपालको स्वास्थ्य क्षेत्रमा लामो समयदेखि योगदान गरेका चार जना वरिष्ठ चिकित्सकलाई सम्मान गरिएको छ। एसोसिएसन अफ ब्रिटिस एल्मुनी इन नेपालले डाक्टर गौरीशंकरलाल दास, डाक्टर मिर्गेन्द्रराज पाण्डे, डाक्टर बद्री पाण्डे, डाक्टर महोदधी प्रधानलाई सम्मान गरिएको हो। बेलायतमा पढेर नेपाल फर्केका चिकित्सकले नेपालको स्वास्थ्य क्षेत्रमा गरेको योगदानको कदर गर्दै उक्त सम्मान गरिएको हो। कार्यक्रममा नेपालका लागि बेलायतका राजदूत रब फेनकोपनि सहभागिता रहेको थियो। वहाँले बेलायत र नेपालको एक सय वर्षभन्दा लामो सम्बन्धका विषयमा समेत चर्चा गर्दै सम्मानित हुने चिकित्सकहरुको योगदानको प्रशंसा गरेका थिए।

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

## आठ रोगको उपचारमा १ लाखदेखि ४ लाखसम्म सहुलियत, कहाँबाट कसरी पाइन्छ ?



https://hd.gandaki.gov.np/list/news/aatha-ragaka-upacarama-lkhathakha-lkhasamama-sahalyata-kahabta-kasara-painachha



स्वास्थ्य कार्यालय, कास्कीको समन्वय तथा JANTRA को प्राविधक तथा आर्थिक सहयोगमा क्षयरोगको सक्रिय खोजपडताल कार्यक्रम संचालन भएको छ। यस कार्यक्रम अन्तरगत पोखरा महानगरपालिका वडा नं ८ पृथ्वीचोकमा अवस्थित तिवेतेन क्याम्प, वडा नं १७ मा अवस्थित वृद्धाश्रम, मानवसेवा आश्रम र छोरेपाटन स्थित तिवेतेन क्याम्पमा JANTRA संस्थाको प्राविधक तथा विशेषज्ञ चिकित्सक सहित पोर्टयवल एक्सरे मार्फत ५४२ जनाको स्क्रिनिङ कार्य सफलता पुर्वक सम्पन्न गरियो। सो कार्यमा ३ जना विरामीमा PCD case Diagnosed भएको र ४१ जना शंकास्पद क्षयरोगको पहिचान भै जिन एक्स्पर्ट जाँचको लागि पठाईएको छ। यस किसिमको सक्रिय खोजपडताल समुदायमा सञ्चालन गर्न सकेमा धेरै भन्दा धेरै क्षयरोगका विरामी पत्ता लाग्ने र रोगको भार कम गर्न सकिने छ। End TB initiative को लागि प्रदेश सरकारले पनि लगानि गर्ने बेला आएको छ। सन् २०५० मा नेपाललाई क्षयरोग मुक्त नेपाल (प्रति १०,००० मा १ भन्दा कम) बनाउने कार्यमा अगाडि बड्ने बेला आएको छ।




**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

### "मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको सहजीकरणमा, स्वास्थ्य कार्यालय, बागलुङको अयोजना, काठेखोला गाउँपालिकाको समन्वय तथा काठेखोला गाउँपालिकामा पारिवारिक स्वास्थ्य प्रोफाइल सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता काठेखोला गाउँपालिकाका सामाजिक विकास समितिका अध्यक्ष खडक बहादुर थापाले गर्नुभएको थियो भने,प्रमुख अतिथिको आशसन ग्रहण सोही पालिकाका उपाध्यक्ष खडक बहादुर थापाले गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन पालिकाका स्वास्थ्य शाखा प्रमुख सोमराज पाण्डेले गर्नुभएको थियो। स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका तथ्यांक अधिकृत प्रविण भण्डारी तथा स्वास्थ्य कार्यालयका घनश्याम सापकोटाले सहजीकरण गरेको कार्यक्रममा पालिकाका नि.प्रमुख प्रशासकीय अधिकृत, प्रमुख अतिथि तथा कार्यक्रमका अध्यक्षले मन्तव्य राख्नु भएको थियो। यस पालिकामा तथ्याङ्क संकलन गर्ने कार्याक्रम पौष महिनाको १५ भित्रमा सक्ने योजना रहेको छ।

काठेखोला गाउँपालिकाका उपाध्यक्ष तेज बहादुर थापाले आफ्नो पालिकामा लागु भएको eHMIS कार्यक्रमको अनुगमन गर्नुभएको छ । उहाँका अनुसार यस कार्यक्रमले कुन दिन कुन स्वास्थ्य संस्थामा कति जनाले के के स्वास्थ्य सेवा लिए यहिबाट हेर्न सकिने भएकाले निकै सजिलो भएको बताउनु भएको छ। स्वास्थ्य क्षेत्रको अनुगमनका लागि भौतिक रुपमै स्वास्थ्य संस्था जानु पर्दैन। उहाँका अनुसार "मैले दिनमा कम्तिमा एक पटक यो system खोलि काहाँ के के भएको छ भनेर हेर्छु" आफुले खोजेको जस्तो system रहेको बताउनु भयो। यस्तै system सबै क्षेत्रमा आवश्यक रहेको बताउनु भयो।




श्री पाटनदेबि मा. वि क्यामुन्टार, श्री रबिन्द्र ज्योति प्रा. वि पिपलटार र श्री सरस्वती मा.वि बोर्लाङमा गरि ४२६ जना छात्र छात्रालाई जुकाको औषधि खुवाईएको र १५२ जना किशोरीहरूको पाखुराको नाप र हेमोग्लोबिन जाँच गर्दा २८ जनालाई रक्तअल्पता, २५जना मध्यम शिघ्र कुपोषण र १ जना किशोरीलाई कडा शिघ्र कुपोषण भएको पाईएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# सा्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




श्रावण १ देखी कार्तिक ३० सम्म छोप्राक स्वास्थ्य चौकीमा सुत्केरी हुनुभएका ७ जना सुत्केरी आमाहरूलाई प्रोत्साहन रकम र पोषण तथा सरसफाइ सामाग्रीहरु वितरण गरिएको छ।

## जानकारी

आमाको दूध बच्चाका लागि सबैभन्दा राम्रो र पोषिलो खाना हो ।

👉शिशुलाई जनमिए पछि जतिसक्दो चाँडो १ घण्टा भित्र आमाको बिगौती दूध खुवाऔं ।

👉बिगौतिले बच्चालाई विभिन्न रोग लाग्न बाट बचाउँछ।

👉स्तनपान गर्दा आमा र बच्चा बिच स्नेह र माया बढछ र बच्चाले आफुलाई सुरक्षित र सन्तुष्ट महसुस गर्छ ।

👉शिशुलाई जन्मेको ६ महिना पूरा नभएसम्म आमाको दुध खुवाऔं,बालबालिकालाई ६ महिना पूरा भएपछि पुरक खानाका साथसाथै कम्तिमा २ बर्ष सम्म निरन्तर स्तनपान गराऔं।

👉आमाको दुधले बच्चालाई झाडापखाला लाग्न श्वासप्रश्वास सम्बन्धी रोग लाग्नबाट जोगाउछ ।




नजिक बसेर TV हेर्नु भनेको टाढा वाट आँखा नदेख्ने भयर हो। किन नजिक गएर TV हेरेका रहेछन् भन्ने कुरा बुझौं। नजिक वाट TV हेर्ने बालबालिका को तुरुन्त दृष्टि परीक्षण गरौं।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो । योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्सहान गर्दछ ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार



दगातुन्डाडा स्वास्थ्य चौकीको आयोजनामा बडिगाड गाउँपालिका वडा न.१ दगा प्रा.बि. दगा र कालिका प्रा.बि. बरपोखरामा जुकाको औषधि खुवाउनु को साथै समुदाय स्तरमा पोषण सहजकर्ता, स्वास्थ्यकर्मि, महिला स्वयंसेविकाको उपस्थित मा स्वास्थ्य आमा समुह , १००० दिनको आमाहरुलाइ पोषिलो खाना प्रदर्शनि कार्यक्रम सम्पन्न भएको छ ।

**जाडोमा नानीबाबुहरुको यसरी गर्नुहोस हेरचाह।**

https://hd.gandaki.gov.np/list/news/jadama-nanabbharaka-yasara-garanahasa-haracaha



राष्ट्रिय खोप कार्यक्रम, पाठेघरको क्यान्सर विरुद्ध HPV खोप शुरूवातको लागि निर्देशिका तथा दादुरा रूबेला खोप अभियान निर्देशिका तयारी कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



स्वास्थ्य कार्यालय पर्वत र स्थानिय तहका स्वास्थ्य प्रमूखसंग आ व ८०/८१ को पहिलो जिल्ला स्तरिय चौमासिक बैठक स्वास्थ्य कार्यलय प्रमुख एक नारायण लम्सालको अध्यक्षतामा सम्पन्न भएको छ। हालसम्मको कार्यप्रगति र कार्यक्रमहरुको कार्यान्वयनको अवस्था साथै भावी योजना र अन्य बिषय वस्तुहरुमा छलफल गरीएको थियो ।



मोदी गा.प. बाजुङ-५, बाउसे खोपकेन्द्रमा सरसफाइ प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको छ।

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य कार्यालय, लमजुङको आयोजना तथा राइनास नगरपालिकाको समन्वयमा राइनास- २ को पन्थेडाडा र राइनास- १ को भङ्गेरी र बोराङखोलामा सरुवा रोग तथा नसर्ने रोगको स्कृनिङ, खोजपड्ताल, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा डेङ्गु, औलो, क्षयरोग, कुस्ठरोग, एच.आइ.भी., उच्च रक्तचाप, मधुमेह तथा मृगौला रोगको परिक्षण तथा आवश्यक परामर्श सेवा प्रदान गरिएको थियो।



सिक्लेस स्वास्थ्य चौकी, कास्कीको आयोजनामा बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत मादी गा.पा.वडा न. १ अन्तर्गतका बिद्यालयहरुमा सम्पूर्ण बिद्यार्थीहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भयो |



सुत्केरी घरभेट कार्यक्रम @ तारङ्गा सामुदायिक स्वास्थ्य इकाई, बडिगाड -३ सिसाखानी




बेनी नगरपालिका-१ लामागरा स्थित गाउँघर क्लिनिक सेवा थप गरिएको छ। सुरक्षित मातृत्व सेवा, पोषण सेवा, परिवार नियोजन सेवा, नसर्ने रोगको चेकजाँच, स्वास्थ्य शिक्षा तथा परामर्श सेवा लगायत अन्य आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने गरि हरेक महिनाको १४ गते सोहि स्थानमा गाउँघर क्लिनिक सेवा संचालन गरिने छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको आयोजना संचालन भएको Adolescent Sexual and Reproductive Health (ASRH) तालिम सम्पन्न भएको छ । यो तालिममा कास्की, स्याङ्जा, बाग्लुङ, पर्वत, तनहुँ र लमजुङ जिल्लाका निजि स्वास्थ्य संस्थाहरुमा कार्यरत १० जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो।



तारन्जा सामुदायिक स्वास्थ्य इकाईका कर्मचारीद्वारा कन्चनापुर आधारभुत बिधालय बडिगाड-३ तारन्जामा एच आइ भि/एड्स रोगको बारेमा सचेतनात्मक स्वास्थ्य शिक्षा प्रदान गरिएको छ।



बिश्व एड्ड दिवस लोकप्रिय मा.बि., मनांगमा स्कुलमा बिधालय शिक्षा तथा अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार




स्त्री तथा प्रसुती रोग विशेषज्ञ टोलि द्वारा पाठेघरको मुखको क्यान्सर जाँच तथा आङ्ग खस्ने समस्याको उपचार शिविर सम्पन्न भएको छ। लैगिंक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा बेनी नगरपालिकाको आयोजना तथा बेनी अस्पताल क प्राविधिक सहयोगमा सिंगा स्वास्थ्य चौकीमा महिलाहरुका लागि निःशुल्क पाठेघरको मुखको क्यान्सर जाँच शिविर (VIA Camp) तथा आङ्ग खस्ने समस्याको उपचार कार्यक्रम सम्पन्न भएको छ। शिविरमा स्त्री तथा प्रसुती रोग विशेषज्ञ टोलि द्वारा १०७ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरको जाँच गरिएको छ भने ७ जनाको आंङ्ग खस्ने समस्याको उपचार गरिएको छ।




आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!



३६ औं विश्व एड्स दिवसको अवसर पारी आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङको आयोजनामा श्री त्रिभुवन नमुना माध्यमिक बिधालय बडिगाड-२ खर्बाङमा एचआईभी र एड्स रोगको बारेमा सचेतनात्मक स्वास्थ्य शिक्षा प्रदान गरिएको छ। विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम जनचेतना फैलाउने एउटा प्रभावकारी माध्यम हो र कार्यक्रमको मुख्य उदेश्य भनेको सकारात्मक स्वास्थ्यको प्रवर्द्धन र बालबालिकामा स्वास्थ्य सम्बन्धि चेतना जगाउनु हो।



CPD class on Eclampsia Management @ बेनी अस्पताल, म्याग्दी

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार




हरेक शुक्रबार को सुरुवात लाई प्राथमिकता दिदै श्रीकृष्णगण्डकी स्वास्थ्य चौकीमा सरसफाई कार्यक्रमको आयोजना गरिएको छ ।




**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**




HIV/ AIDS रोकथाम, नियन्त्रण तथा उपचार सेवा प्रबाहमा विशिष्ट योगदानको कदर गर्दै ३६ औं बिश्व एड्स दिबस २०८० मा राष्ट्रीय स्तरमा सम्मानित भएकोमा वालिङ अस्पतालमा कार्यरत शंकर जि.सि.(प्रमोद) लाई हार्दिक बधाइ तथा शुभकामना ब्यक्त गर्दछौ।



३६औं बिश्व एड्स दिवसको अवसरमा स्वास्थ्य शाखा बडिगाडद्वारा खार मा.वि.का बिधार्थिहरुलाई “let communities lead” भन्ने मुल नाराका साथ एचआईभी र एड्स रोगको बारेमा सचेतनात्मक स्वास्थ्य शिक्षा प्रदान गरीएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




३६ औं विश्व एड्स दिवस "समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं" भन्ने मुल नाराका साथ विविध कार्यक्रम गरी शुक्रवार पोखरामा मनाइएको छ। स्वास्थ्य क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी संस्थाले सामूहिक रुपमा कार्यक्रम गरी दिवस मनाइएको हो। पोखरा वसपार्कमा आयोजित कार्यक्रममा बोल्दै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डाक्टर भरत वहादुर खत्रीले एड्सलाई सामान्य रोग सरह नै लिनुपर्ने वताउनु भयो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य प्रयोगशाला प्रमुख मनमोहन मिश्र, नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देल, राष्टिय एचआईभी एड्स महासंघ केन्द्रीय सदस्य मनोज गुरुङ, पश्चिमाञ्चल एड्स सञ्जालका अध्यक्ष विश्व मोहन गौचनले वोल्नुभएको थियो। साथै कार्यक्रममा एचआईभीका क्षेत्रमा कार्यगरी योगदान पुर्याएको भन्दै राष्टिय एचआईभी एड्स महासंघ केन्द्रीय सदस्य मनोज गुरुङ र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, ART उपचार केन्द्रका ART इन्चार्ज कल्पना कुमारी आचार्य गौतमलाई सम्मान गरिएको थियो।

साथै विश्व एड्स दिवसको अवसरमा स्वास्थ्य निर्देशनालय लगायत अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुको सहकार्यमा विविध कार्यक्रम जस्तै एड्स विरुद्ध जनचेतनामुलक कार्यक्रम, मैनवत्ति प्रज्वलन कार्यक्रम, STI क्लिनिक संचालन, एचआईभी संक्रमित वालवालिकाका लागि न्यानो कपडा वितरण, साइकल र्याली जस्ता कार्यक्रमहरु समेत संचालन गरिएको थियो। स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक हेमन्त शर्मा पौडेलको अध्यक्षयतामा भएको कार्यक्रमको संचालन स्वास्थ्य निर्देशनालयका न्युनतम सेवा मापदण्ड कार्यान्वयन अधिकृत उर्मिला वरालले गर्नु भएको थियो ।




कास्कीमा सम्पन्न भएका अन्य कार्यक्रमहरुः-

१. PLHIV हरुसँग मिडिया अन्तरक्रिया कार्यक्रम
२. जनचेतना तथा एड्सको पैरवीका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान गण्डकी अस्पताल देखि लेकसाईडसम्म साईकल रयाली
३. पृथ्वीचोक स्थित पोखरा बसपार्क, र लेकसाईडमा self-testing and HIV Screening Test

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

४. HIV/AIDS सम्वन्धी सुचनामुलक ब्रोसर तथा लिफलेट वितरण

५. पृथ्वीचोकमा रहेको डिजीटल बोर्डमा HIV/AIDS को सुचना सन्देश प्रसारण

६. ART मा उपचाररत १८ वर्षमुनिका बालबलिकाहरु लाई न्यानो कपडा वितरण



७. HIV संक्रमित तथा HIV को क्षेत्रमा लामो समय देखि योगदान पुर्याएका विभिन्न व्यक्तित्वहरुलाई सम्मान

८. यौनरोगको जाँच, निदान तथा उपचारका लागि STI Clinic सञ्चालन

९. पृथ्वीचोकमा अवस्थित बसपार्कमा औपचारिक कार्यक्रम

१०. HIV/AIDS को कारण अकालमा ज्यान गुमाएकाहरुको सम्मान एवं स्मरण गर्दै मैनबत्ति प्रज्वलन

११. यौनिक अल्पशंख्यक (Trans Gender) हरुद्वारा विभिन्न सांगितीक कार्यक्रम प्रस्तुत

१२. कास्की जिल्ला अन्तरगतका स्थानिय तहहरुमा रहेका सामुदायिक तथा केहि नीजि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई HIV/AIDS सम्वन्धि स्वास्थ्यकर्मीहरुद्वारा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन आदि।



विश्व ३६ औं एचआईभी एड्स दिवसको अवसरमा संचालित बिध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम भिमसेन मावि का.गा.पा-६ बिहुकोट।



३६औं विश्व एड्स दिवसको अवसरमा बडिगाड गाउँपालिका वडा न ९ दर्लिङ स्वास्थ्य चौकि द्वारा जनता आ.बि.का बिधार्थिहरुलाई "let communities lead" भन्ने मुल नाराका साथ एचआईभी र एड्स रोगको बारेमा सचेतनात्मक स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार







विश्व एड्स दिवसको दिन "समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं" भन्ने मूल नाराका साथ श्री नेपाल मा बि ताराखोला-४ का विद्यार्थीहरुलाई एड्सको बारेमा स्वास्थ्य शिक्षा प्रदान गरिनुका साथै पोषणयुक्त कार्यक्रम अन्तरगत जुकाको औषधि (Albendazole)खुवाउने कार्यक्रम सम्पन्न भएको छ। @सहजीकरणः विघालय नर्स जिवना शर्मा






# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको प्राबिधिक सहयोग तथा धौलागिरी आयुर्बेद औषधालय, बाग्लुङ्गको आयोजनामा आयुर्वेद सेवाको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम संचालन भएको छ। कार्यक्रममा मुख्य श्रोतब्यक्तिको रुपमा सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सुचना अधिकृत डाक्टर मधुरजि ढकाल, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका नबिन किरण भुसाल र श्री उर्मिला बरालको उपस्थिती रहेको थियो। बार्षिक योजना तयार भएको, सिमित श्रोत साधनमा पनि ओपिडी, ल्याब, योगा लगायत धेरै सेवाहरु ब्यबस्थित छन भने औषधी पाकशाला, CSSD, Laundry तथा गुणस्तर ब्यबस्थापनलाई अझै ब्यबस्थित गर्न जरुरी देखिएको छ। यस दोस्रो फलोअपमा ६२% आएको छ।




**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



गण्डकी आयुर्बेद औषधालय, कास्कीको आयोजनामा विश्व एड्स दिवसको दिन "समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं" भन्ने मूल नाराका साथ श्री लक्ष्मी मा.बि., पोखरा, कास्कीका विद्यार्थीहरुलाई एड्सको बारेमा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ।



दुदिलाभाटि स्वास्थ्य चौकीको आयोजनामा सरस्वती मा.वि. र दुदिलाभाटी इङलिस स्कुलका ८२ जना विद्यार्थीहरुको सहभागितामा समुदायको नेतृत्वमा एड्स अन्त्य गरौ भन्ने नाराका साथ ३६ औं विश्व एड्स दिवश मनाइएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



प्रहरी चौकी, वारीबेनी, पर्वतको आयोजनामा जलजला गाउँपालिका-३, वारीबेनी स्थित कालिपुलमा वडा सदस्य ठाकुर प्र. रेग्मीको अध्यक्षतामा स्थानिय जनप्रतिनिधी, आमा समुह, युवा क्लव, बुद्धिजिवी र समाजसेवीहरुको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा महिला हिंसा र घरेलु हिंसा सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम संचालन भएको छ।



ईलाका प्रहरी कार्यालय, हुवास, पर्वतको आयोजनामा पैंयु गाउँपालिका-५ स्थित भुर्तेलथोक देउरालीमा गाँउ कार्यपालिका सदस्य उमादेवी बि.क.को अध्यक्षतामा स्थानिय जनप्रतिनिधी, आमा समुह, युवा क्लव, बुद्धिजिवी र समाजसेवीहरुको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा लघुसचेतनामुलक कार्यक्रम अन्तर्गत मानब बेचबिखन सम्बन्धी सचेतना कार्यक्रम संचालन भएको छ।



"समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं" भन्ने मूल नाराका साथ बौडेचौर मा.बि., सिगाना, बाग्लुंगमा कक्षा ७, ८, ९ र १० मा अध्ययनरत ८१ जना विद्यार्थीहरुलाई विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमका साथै पोषणयुक्त कार्यक्रम अन्तरगत "जुकाको औषधि" खुवाइ सम्पन्न गरिएको छ। @सहजीकरणः विद्यालय नर्स सुधा जि.सि.



बिश्व एडस दिवसको अवसरमा सामुदायको नेतृत्वमा एड्स अन्त्य गरौ भन्ने मुल नारालाइ साथ सल्यान स्वास्थ्य चौकी, बाग्लुंग द्वारा सल्यान सुखौरा मा.वि.मा एडस सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार





विश्व एडस दिवस @लमजुङ्ग अस्पताल






छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा ३६ औं बिश्व एडस दिवसको अबशरमा "समुदायको नेतृत्वमा एडस अन्त्य गरौं" भन्ने नाराको साथमा श्री मण्डली मा.बि.मा सम्पन्न भएको छ।



सामुदायिक प्रहरी सेवा केन्द्र, कुश्मा र अस्थाई प्रहरी चौकी कुश्मा पर्वतको संयुक्त आयोजनामा कुश्मा नगरपालिका-९ का वडा अध्यक्ष राम शर्मा लामिछानेको प्रमुख आतिथ्यतामा श्री सार्वजनिक मा.बि.मा अध्यनरत बिद्यार्थीहरुलाई लैंङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान अन्तर्गत बालबिवाह तथा बाल यौन शोषण सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार



लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान अन्तर्गत बागलुङस्थित मानव सेवा आश्रममा निशुल्क स्वास्थ्य परिक्षण गरिएको छ। एकद्वार संकट व्यवस्थापन केन्द्र, धौलागिरी अस्पताल बागलुङको आयोजनामा भएको उक्त स्वास्थ्य शिविरमा ४० जनाले सेवा लिएका छन। कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट डाक्टर अमित ढुंगाना, कन्सल्टेन्ट साइकियाट्रिस्ट डाक्टर मानकाजी थापा, कन्सल्टेन्ट गाइनोकोलोजिष्ट डाक्टर विजय वझा, कन्सल्टेन्ट डर्माटोलोजिष्ट डाक्टर प्रभात सिहं, कन्सल्टेन्ट अर्थोपिडिक्स डाक्टर प्रमेश थापा, कन्सल्टेन्ट सर्जन डाक्टर दिपेन्द्र शर्मा, मेडिकल अधिकृत डाक्टर नकुल रेग्मी, डाक्टर शोभा पौडेल, डेन्टल सर्जन डाक्टर प्रवेश वास्तोला, एकद्वार संकट व्यवस्थापन केन्द्र धौलागिरी अस्पताल फोकल पर्सन एवं वरिष्ठ अस्पतला नर्सिङ निरिक्षक देवी भट्टराई, स्टाफ नर्स सरस्वती गौतम, रमाना थापा लगायतले स्वास्थ्य परिक्षण गर्नुभएको थियो। सो अवसरमा डाक्टर मानकाजी थापा मगरले मानव सेवा आश्रममा रहेका धेरै जनामा मानसिक समस्या आउन सक्ने भन्दै नियमित औषधी सेवन र चेकचाज गर्नु पर्ने वताउनु भयो त्यस्तै डाक्टर अमित ढुंगानाले अस्पतालवाट मानव सेवा आश्रमलाई विशेष सहयोग गरिरहेको र आगामी दिनमा पनि अझ सहयोग गर्ने प्रतिवद्दा व्यक्त गर्नुभयो। कार्यक्रमको संचालन मानवसेवा आश्रमकी विपना तामाङले गर्नु भएको उक्त निशुल्क स्वास्थ्य शिविरमा धौलागिरी अस्पताल व्यवस्थापन समिति सदस्य लक्ष्मी देवी जि सी प्रशासन प्रमुख सुरज कुमार मलेपतीको उपस्थिति रहेको थियो।



पर्बत जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद आचार्य, स्वास्थ्य कार्यालय पर्वतका प्रमुख एक नारायण लम्साल लगायतबाट महाशिला गाउँपालिका पर्वत, बालाकोट स्वास्थ्य चौकि र महाशिला आधारभूत अस्पताल, लुङ्खुको अनुगमन गर्नुभएको छ।

**जाडोमा निमोनिया: बेवास्ता गरे ज्यानमारा हुनसक्छ।**

https://hd.gandaki.gov.np/list/news/jadama-namanaya-bvasata-gara-jayanamara-hanasakachha

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १६९, वर्ष ५, २०८० मङ्सिर १७, December 3, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





"समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं" भन्ने मूल नाराका साथ श्री जनजगृति मा.वि. गलकोट-८, काँडेबास, बागलुङमा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ।
@ सहजीकरण: विध्यालय नर्स निता मगर



भंगरा स्वास्थ्य चौकी, पर्वतको आयोजनामा फलेवास नगरपालिका वडा नं ९, भंगरा, पर्वतको शिवालय स्वास्थ्य आमा समुह, ओखेनीको मासिक बैठकमा नवजात शिशु अवस्थामा देखिने खतराका लक्षणहरू, विपदको समयमा खानेपानी र सरसफाइ इत्यादि बिषयमा छलफल कार्यक्रम सम्पन्न भएको छ।



वालिङ्ग नगरपालिका, स्याङ्जाको आयोजनामा निशुल्क बृहत प्रजनन स्वास्थ्य तथा आँखा शिविर पाठेघर मुखको क्यान्सर स्कृनिङ आङ खस्ने समस्या यौन रोग उपचार, HIV परिक्षण, ग्रामिण अल्ट्रासाउण्ड, आँखा जाँच/दन्त परिक्षण शिविर वालिङ नगरपालिका वडा न ३ माझकोट स्वास्थ्य चौकीमा सम्पन्न भएको छ।


**सम्पादक**
नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback